आज मिति २०७७/०२/१३ गते मंगलबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| नाम थर | पद |
|---|---|
| श्री फेन्चोक छेमेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङग्याल गुरुङ | |

अन्य उपस्थिति

**प्रस्ताव नं. १ :** घुम्ती पढाईको पारिश्रमिक सम्बन्धमा ।

**प्रस्ताव नं. २ :** इसीडी शिक्षक ब्यबस्थापन सम्बन्धमा ।

**प्रस्ताव नं. ३ :** अस्थायी चेक पोष्टमा खटिने सुरक्षा कर्मीको सुबिधा सम्बन्धमा ।

**प्रस्ताव नं. ४ :** सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

**प्रस्ताव नं. ५ :** सूचना प्रविधि अधिकृतको पारिश्रमिक सम्बन्धमा ।

**प्रस्ताव नं. ६ :** लेखा अधिकृतको सेवा सुबिधा निरन्तरता सम्बन्धमा ।

**प्रस्ताव नं. ७ :** राहत वितरण सम्बन्धमा ।

**प्रस्ताव नं. ८ : उपभोक्ता समिति मार्फत संचालित योजना सम्बन्धमा ।**

**प्रस्ताव नं. ९ : खानेपानी योजना मर्मत सम्बन्धमा ।**

**प्रस्ताव नं. १० : बिपत व्यबस्थापन कोषबाट ग्याबिन जाली खरिद सम्बन्धमा ।**

**प्रस्ताव नं. ११ : अर्गानिक मल खरिद सम्बन्धमा ।**

**निर्णय नं. १ :** प्रस्ताब नं. १ माथि छलफल गर्दा प्रारम्भिक कक्षा पढाई कार्यक्रम अन्तर्गत घुम्ती पढाई संचालनको लागि १,४०,०००/- बिनियोजन गरिएकोमा घुम्ती पढाई संचालन भएका बिद्यालयहरुबाट भुक्तानीको माग भई आएकोले सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा प्रति शिक्षक मासिक १० हजारका दरले भुक्तानी दिने र सो का लागि रकम अपुग भएमा हाल सम्म खर्च हुन नसकेको घुम्ती बिद्यालय अनुदान शाङ्ता शिर्षकमा छुट्याइएको बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताब नं. २ माथि छलफल गर्दा वडा नं. ५ मा अवस्थित हिमाली आ.बि शाङतामा बिद्यार्थी नभएको कारण तत्काल संचालन हुने अवस्था नभएकोले तहाँ कार्यरत इसीडी शिक्षकलाई वडा नं. २ स्थित छेंगुर आ.बि. छेंगुरमा खटाउने निर्णय गरियो । निज जान असमर्थ भएमा उक्त कोटालाई छेंगुर आ.बि. मै स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताब नं. ३ माथि छलफल गर्दा लकडाउनलाई थप प्रभाबकारी बनाउन पाण्डाखोलामा स्थापना गरिएको अस्थायी चेकपोष्टमा कार्यरत सुरक्षाकर्मीलाई काम गर्दाको मितिदेखि लकडाउन अबधि भर चेकपोष्ट संचालन हुँदा सम्म सुरक्षाकर्मीलाई हरेक दिन २-२ जना २ सिफ्ट खटिने गरी प्रतिदिन प्रति व्यक्ति १०० रुपैयाँ नबढ्ने गरी खाजा खर्च र आवश्यकता अनुसार पेट्रोल खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताब नं. ४ माथि छलफल गर्दा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १० को उपनियम ३ बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंकिंङ प्रणाली मार्फत गर्नुपर्ने भए पनि भौगोलिक बिकटताका कारण आ.ब.२०७६/०७७ मा खाता संचालन हुन नसकेका लाभग्राहीलाई भरपाई मार्फत नगदै वितरणको व्यवस्था मिलाउने । आगामी आर्थिक बर्ष २०७७/०७८ देखि भने सबै लाभग्राहीलाई अनिबार्य सामाजिक सुरक्षा भत्ता खाता खोल्न लगाई बैंक मार्फत मात्र बितरणको ब्यबस्था मिलाउने । पटक पटक ताकेता गर्दा समेत खाता नखोल्ने लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने ।

**निर्णय नं. ५ :** प्रस्ताब नं. ५ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तर्गत नियुक्ति भई गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतले मिति २०७५/०६/१५ प.सं.०७५/०७६,च.नं. १५९ को परिपत्र अनुसार रा.प. तृतीय श्रेणीका अधिकृत स्तरको कर्मचारीलाई अर्थ मन्त्रालयले तोके अनुसारको तलब,स्थानीय भत्ता,महंगी भत्ता ,चाडपर्व खर्च र पोशाक भत्ता प्राप्त गर्दै आएकोमा आ.ब. २०७६/०७७ मा आधारभूत पारिश्रमिकको ७५ प्रतिशत रकम र आंशिक पोशाक भत्ता प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले उपलब्ध गराउने भएकोले बाँकी रकम गाउँपालिकाबाट उपलब्ध गराउने गरी हाल सम्मको खर्च अनुमोदन गर्ने र पाउँदै आएको तलब तथा भत्तालाई निरन्तरता प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६ :** प्रस्ताब नं. ६ माथि छलफल गर्दा कार्यालय समय बाहेक अतिरिक्त समय समेत काम गर्नुपर्ने भएको हुँदा गाउँपालिकामा बिगतमा कार्यरत लेखा प्रमुखले सो समयमा निर्णय भई पाएको अतिरिक्त भत्तालाई हालको लेखा प्रमुखलाई समेत निजले जिम्मेवारी पाए देखीको मिति देखि लागु हुने गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताब नं. ७ माथि छलफल गर्दा जिल्ला राहत समिति मार्फत गाउँपालिकालाई प्रदान गरिएको २ लाख २५ हजार वडाहरुले दोश्रो चरणको राहतको लागि पेश गरेको नामावली र कुल लाभग्राहीको संख्या अनुसार प्रति लाभग्राही रु. ३४० का दरले सम्बन्धित वडाबाट नै राहत सामग्री खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं. ८ :** प्रस्ताब नं. ८ माथि छलफल गर्दा उपभोक्ता समिति मार्फत संचालित योजनाको भुक्तानीको लागि पेश भएका डोर हाजिर फारममा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा नं. २ पुटाकमा खानेपानी योजना मर्मतको लागि पेश भएको बिल भरपाई बमोजिमको रकम बिपत व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :** प्रस्ताव नं. १० माथि छलफल गर्दा बर्खाको सिजन सुरु भएकोले नदीमा आउने बाढीले पुर्याउन सक्ने क्षतिलाई मध्यनजर गर्दै बिभिन्न स्थानमा आकस्मिक रुपमा तटबन्धन निर्माण लगायतको काम गर्नुपर्ने हुनाले बिपत व्यवस्थापन कोषबाट भुक्तानी लेख्ने गरी १०० थान ग्याबिन जाली खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :** प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ को कृषि शाखाको योजना अन्तर्गत अर्गानिक मल खरिद(५० प्रतिशत अनुदान) को लागि ढुवानी सहित ८ लाख रुपैयाँ बिनियोजन भएकोमा कार्यपालिकाबाट मल खरिदको लागि पटक पटक सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कुनै प्रस्ताव दर्ता हुन नसकेको, कृषकहरुबाट मलको माग भईरहेकोले सम्बन्धित वडा कार्यालय हरुबाट नै सार्वजनिक खरिद ऐन, नियमको अधिनमा रही खरिद कार्य गर्ने र अनुदानको रकम प्रति ५० के.जी.को बोराको अधिकतम २०० रुपैयाँ भन्दा बढी नहुने गरी प्रत्येक वडालाई निम्नानुसारको बजेट सिलीङ तोकियो ।

| वडा नं. | बजेट अनुदान रु. |
|---|---|
| १ | १,४३,०००/- |
| २ | १,४३,०००/- |
| ३ | २,०१,०००/- |
| ४ | १,७०,०००/- |
| ५ | १,४३,०००/- |
| जम्मा रु. | ८,००,०००/- |